School IEMIS Code: 050080007

# श्री माध्यमिक विद्यालय, बरडंगा
## SHREE SECONDARY SCHOOL, BARDANGA

सुनवर्षी-७, मोरङ, नेपाल
Sunwarshi-7, Morang, Nepal
स्थापना: २०१३
Estd 2013 B.S.

प.सं. / Your Ref. No.
च.नं. / Our Ref.No. ०५/२०८३
मिति/Date: २०८३/०१/२९

विषय :- **शिक्षकको आवश्यकता (विज्ञापन)।**

यस विद्यालयमा रिक्त रहेका प्राथमिक तह शिक्षक दरबन्दी संख्या -४, पदपूर्ति गर्नुपर्ने भएकोले निम्न विवरण अनुसारको विज्ञापन प्रकाशन गरिएको व्यहोरा यस विद्यालयको छनोट समितिको मिति २०८३/०१/२९ को निर्णय अनुसार सम्बन्धित सबैलाई सूचित गरिन्छ।

विज्ञापन नं. १/२०८३

१. पद : प्राथमिक शिक्षक,

२. पद संख्या - ४ (चार)

३. शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधन सहित)को नियम २४(३) अनुसार करार सूचीमा नाम प्रकाशित भएका व्यक्तिहरूमध्येबाट तोकिएको म्यादभित्र चारभन्दा कम संख्यामा निवेदन प्राप्त भएमा वा एकपनि निवेदन प्राप्त नभएको खण्डमा मात्र बाँकी पदपूर्तिका लागि खुला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गरिनेछ।

४. आवेदन दरखास्त पेश गर्ने अवधि (विद्यालय समयभित्र) :
   (क) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधन सहित)को नियम २४ (३) अनुसार करार सूचीमा नाम प्रकाशित व्यक्तिहरूका लागि, स्वयम् उपस्थित भई दरदास्त पेश गर्ने अन्तिम मिति २०८३/०२/१४ गतेसम्म।
   (ख) खुला प्रतिस्पर्धाका लागि इच्छुक, योग्यताप्राप्त व्यक्तिहरूका लागि अन्तिम मिति :२०८३/०२/२२ गतेसम्म।
   (ग) दरखास्त पेश गर्न तोकिएको अन्तिम दिन, सार्वजनिक बिदा पर्न गएको खण्डमा सो दिन पछाडि लगत्तै विद्यालय खुल्ने दिन मात्र अन्तिम मिति हुनेछ।

५. प्रकरण ४(ख) अनुसार उम्मेदवार हुन शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधनसहित) को देहाय नियम अनुसारको योग्यता हुनुपर्नेछ-
   (क) नियम ९ अनुसारको योग्यता तथा तालिम हुनुपर्नेछ।
   (ख) नियम १० मा उल्लेखित कुनै पनि अयोग्यता भए उम्मेदवार हुन अयोग्य मानिनेछ।

६. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १८ अनुसार परीक्षाको पूर्णांक र उत्तीर्णाङ्क हुनेछ।

७. परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको प्राथमिक तह अनुसार हुनेछ।

८. प्रकरण ४(ख) अनुसारका उम्म्दवारहरूले परीक्षा दस्तूर रू १,५००/- तोकिएकोछ।

९. उम्मेदवारले दरखास्त फारममा भरेको नागरिकता, शैक्षिक योग्यता, तालिम लगायतका विवरणहरू पुष्टि गर्ने प्रमाण-पत्रहरूको फोटोकपी दरखास्त फारमसाथ संलग्न गर्नुपर्नेछ।

१०. दरखास्त फारमसाथ उम्मेदवारले संलग्न गर्नुपर्ने फोटोकपीहरू, उम्मेदवार स्वयमले ' सक्कल बमोजिम नक्कल ठीक छ।' भनी हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ र अन्तर्वार्ताका समय सक्कल प्रति प्रस्तुत गर्नुपर्नेछ।

११. विदेशी शिक्षण सँस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

१२. फारम भर्न तीन प्रति अटो साइजको फोटो आवश्यक हुनेछ।

१३. कुनै पनि सर्त/कबुलियतनामा राखी वा गराई दरखास्त स्वीकृत गरिनेछैन।

१४. सफल उम्मेदवारहरूलाई एक शैक्षिक सत्रको लागि करारमा अस्थायी नियुक्ति गरिनेछ।

१५. तलब भत्ता तथा अन्य सुविधा सरकारबाट प्राप्त हुने प्रचलित स्केल/ नियमानुसार हुनेछ।

१६. परीक्षा मिति र स्थान, सम्पर्क मिति २०८३/०२/२५ गतेका दिन प्रकाशन गरिनेछ।

१७. यी दरबन्दीमा स्थायी शिक्षक खटि आएमा वा अन्य व्यवस्था भएमा यो विज्ञापनबाट नियुक्त हुने शिक्षक सोही मितिबाट अवकाश हुनेछन्।

१८. स्थायी शिक्षक खटी आउँदा, यो विज्ञापनबाट पदपूर्ति गरिने अस्थायी शिक्षकहरूले अवकाश पाउने क्रम, यस परीक्षाको अन्तिम नतिजा प्रकाशन हुँदाको मेरिटलिष्टमा ' सबैभन्दा कम अंक प्राप्त गर्ने शिक्षक ' को क्रम अनुसार हुनेछ।

...लाल ताजपुरिया)
प्रधानाध्यापक

email: mvbrdng@gmail.com

Scanned with CamScanner